बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट

मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए।

खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म

सम्पर्क तथा बिक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ,
अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

वस्तु तथा सेवाको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, बिक्रेता र सेवा प्रदायकले उपभोक्ता संरक्षण ऐन र नियमावली बमोजिमको कर्तव्य र जिम्मेवारी वहन गरी उपभोक्ताको हित संरक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१४ ।। अङ्क : ०१४ ॥ २०७८ फागुन ०१ गते आईतबार (13th Feb 2022 Sunday) **Pratidin** National Daily dNo-?:%÷-

# बिर्तामोड खानेपानी संस्था फेरि देशकै उत्कृष्ट




***बिर्तामोड (प्रस)*** । बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था फेरि देशकै उत्कृष्ट भएको छ । यसअघि सन् २०१८ मा देशकै उत्कृष्ट बन्न सफल बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था यस वर्ष दोस्रो पटक उत्कृष्ट घोषित भएको हो । सहरी विकास मन्त्रालय अन्तर्गतको नगर विकास कोषले बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई उत्कृष्ट सेवाग्राही घोषित गर्दै पुरस्कृत गर्ने भएको छ। यहि फागुन २ गते काठमाण्डौको दरबार मार्गस्थित होटल याक एण्ड यतिमा हुन लागको कोषको ३४ औं बार्षिक उत्सवको अवसर पारेर बिर्तामोड खानेपानी संस्थालाई दोस्रो पटक पुरस्कृत गर्न लागिएको हो ।

खानेपानी संचालन ,पानीको गुणस्तरीयता , महशुल ,लिकेजलगायतलाई आधार मानेर दश जनाको विज्ञ टोलीले गरेको मूल्यांकनमा आफूहरुको संस्था उत्कृष्ट बन्न सफल भएको संस्थाका अध्यक्ष जलकुमार गुरुङले बताए । उनले यसअघि पर्शुराम सिटौला उपाध्यक्ष हुँदा सन् २०१८ मा पनि आफूहरुको संस्था उत्कृष्ट बनेको जानकारी दिए । आफूहरुको संस्थाले नगर विकास कोषबाट आयोजना संचालन , मर्मत संभारका लागि लिएको ऋणको भुक्तानी , आयोजना समयमै सम्पन्न ,उपभोक्ताहरुलाई दिएको सुविधाजस्ता मापदण्डमा संस्था अगाडि रहेको र त्यसैको प्रतिफल स्वरुप उत्कृष्ट घोषित भएको संस्थाका सचिव मेघराज बाँस्तोलाले जानकारी दिए । संस्थाका संस्थापक अध्यक्ष टोरुप प्रसाईले नेतृत्व सम्हालेदेखि नै बिर्तामोड खानेपानी संस्था अब्बल रहँदै आएको छ। पछिल्लो समय जलकुमार गुरुङले अध्यक्षता गरेदेखि यसको कुशल व्यवस्थापनका कारण यसले देशभरिमै आफ्नो पहिचान बनाउन सफल भएको हो । सामाजिक क्षेत्रसहित कोषले निर्धारण गरेको मूल्यांकनका आधारमा पुरस्कृत गर्न लागिएकोमा कोषप्रति संस्थाले आभारसहित धन्यबाद प्रकट गरेको छ ।

# मगमग चाउचाउ उद्योगको आगो नियन्त्रणमा



***मेचीनगर (प्रस)*** । मेचीनगर १४ दुवागढीस्थित मगमग चाउचाउ उद्योगमा लागेको आगो नियन्त्रणमा आएको छ। झापा , मोरङ, इलाम र सुनसरीका १५ वटा दमकल ,जनपद प्रहरी , सशस्त्र प्रहरी , नेपाली सेना , स्थानीयलगायतको प्रयासमा आगलागी नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी बसन्त पाठकले बताए । धेरैजनाको प्रयासबाट पूर्णरुपमा क्षति हुनबाट जोगाइएको उनले जानकारी दिए । बिहान ४.३० बजे शुरु भएको आगो राति ८ बज्दासम्म निभाउने क्रम जारी रहेको थियो । 'आगो फैलनबाट जोगाइएको छ' उनले भने ,' भित्रपट्टीको आगो भने खोतलेर निभाउने क्रम जारी छ ।' उनले एउटा पक्की घर , तीनवटा तेल ट्यांकी, पछाडिपट्टी रहेको सामानलगायतका धनमाल जोगाउन सफल भएको जानकारी दिए । 'तेलको ट्यांकीमा सल्केको भए धेरै क्षति हुन सक्थ्यो' उनले भने । आगलागीबाट महँगो मेशिनसहित करोडौंको क्षति भएको हुनसक्ने अनुमान गरिएको छ । प्राविधिक अध्ययन गरेर मात्र क्षति निकाल्न सकिने संचालकहरुले बताएका छन् । यसपटक भने मेचीनगर नगरपालिकाको दमकल आगो निभाउन खटिएको छ भने भारतबाट कुनै पनि दमकल आएको छैन । चार वर्षअघि एक अर्बको लगानीमा झापाली उद्योगीहरुले सो उद्योग स्थापना गरेका थिए । ९ दिनअघि काँकरभिट्टाको एसएस फुटवेयरमा पनि आगलागी भएको थियो । त्यस आगलागीमा साढे ९ करोडको क्षति भएको संचालकले बताएका छन् ।

# बिर्तामोडमा ४२ जनाले गरे रक्तदान



***बिर्तामोड (प्रस)*** । बिर्तामोडमा आयोजना गरिएको रक्तदान कार्यक्रममा ६ जनामहिला सहित ४२ जनाले रगत दान गरेका छन् ।

युनाइटेड रिभर साइड युवा फाउण्डेसनको आयोजना तथा नेपाल रेडक्रस सोसाइटी उपशाखा बिर्तामोडको प्राविधिक सहयोगमा शनिबार बिर्तामोडस्थित युनाइटेड रिभर साइड युवा फाउण्डेसनमा भएको रक्तदान कार्यक्रम भएको थियो ।

'रक्तदान जीवनदान' भन्ने नाराका साथ भएको कार्यक्रममा युनाइटेड रिभर साइड युवा फाउन्डेसनका अध्यक्ष ओम खड्का, संस्थापक अध्यक्ष बलभद्र प्रसाईं, पूर्व अध्यक्षहरु सञ्जिव चापागाँई, लब घिमिरे, सुन्दर सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष उत्तम खनाल, जिल्ला ट्राफिक प्रहरी कार्यालय, बिर्तामोड नगरपालिका कर्मचारीलगायतको सहभागिता रहेको थियो ।

झापामा रगत अभाव नहोस् भन्ने उद्धेश्यले रक्तदान कार्यक्रमको आयोजना गरिएको जनाइएको छ ।

# अरुण नदीको बेलिब्रिज भाँचियो



***संखुवासभा (प्रस)*** । संखुवासभाको मकालु गाउँपालिका-५ र १ जोड्ने बेलिब्रिज शनिबार भाँचिएको छ। मकालु-५ को नुम र वडा नम्बर-१ वालुङ जोड्ने अरुण नदीमा बनाइएको बेलिब्रिज भाँचिएको हो।

शनिबार दिउँसो निर्माण सामग्री बोकेका ट्रक तार्ने क्रममा बेलिब्रिज भाँचिएको संखुवासभाका प्रमुख जिल्ला अधिकारी नुरहरि खतिवडाले जानकारी दिए। निर्माणाधीन इप्सुवा हाइड्रो पावर कम्पनीको निर्माण सामग्री लिएर गएका तीनवटा लो वेट ट्रक पुल भाँचिएपछि अरुण नदीमा खसेका छन्।

ट्रकका चालक र सहचालक भने कुशल रहेको मकालु गाउँपालिका-५ का कार्यपालिका सदस्य पुरन याम्फुले बताए। अरुण नदीको बेलिब्रिज भाँचिएपछि आवतजावत ठप्प भएको कार्यपालिका सदस्य याम्फुले बताए।

पुलको क्षमताभन्दा बढी सामग्री बोकेर एकैपटक तीनवटा ट्रक तर्ने क्रममा पुल भाँचिएको कार्यपालिका सदस्य याम्फुले बताए। तीनवटै ट्रक हाइड्रो पावरको निर्माण सामग्री लिएर वालुङतर्फ गएको याम्फुले बताए। दुईवटामा रड र एउटामा आयोजनाको टनेलको पाइप लिएर ट्रकहरू आयोजना स्थल गएका थिए।

पुलको मध्यभाग भाँचिएपछि पुलमा रहेका तीनवटै ट्रक नदीको बीचमा पुलमा अल्झिएको अवस्थामा रहेको उनले बताए। चालक र सहचालकलाई भने स्थानीय उद्धार गरेका छन्।

२०७५ सालमा इप्सुवा हाइड्रो पावरले अरुण नदीमा निर्माण सामग्री लैजान बेलिब्रिज निर्माण गरेको हो। उक्त बेलिब्रिज ५४ मिटर लामो र ३० टन क्षमताको रहेको थियो।

# सहकारीको ८० लाख बढी रकम लिएर अध्यक्ष फरार

***दमक (प्रस)*** । झापाको दमक-८ स्थित त्रिगंगा कृषि सहकारी संस्थाका संस्थापक अध्यक्ष राजेन्द्र खनाल ८० लाखभन्दा बढी रकम लिएर तीन महिनाअघिदेखि फरार रहेका खुलासा भएको छ ।

दमक-८ निवासी ५२ वर्षीय खनाल गत मंसिरदेखि नै सहकारीसहित विभिन्न सात व्यक्तिको ८० लाखभन्दा बढी ऋण रकम लिएर फरार भएको घटना बाहिरिएको हो ।

उनी गत मंसिर २९ गतेसम्ममा कार्यालय आइपुग्छु भन्ने जानकारी रहेकामा हालसम्म पनि कार्यालयको सम्पर्कमा नआएको व्यवस्थापक ललिता तामाङले बताइन् ।

अध्यक्ष खनालले संस्थाको बचत रकमसहित विभिन्न व्यक्तिको सापटी भन्दै ऋण लिएपछि उनी सम्पर्कविहीन भएको व्यवस्थापक तामाङसहित कर्मचारी तथा बचतकर्ताको एक समूहले सोबारे दमक नगरपालिकाको सहकारी समन्वय शाखामा गत पुस २९ गते नै लिखितरूपमा जानकारी गराएका थिए । अध्यक्ष बेपत्ता भएपछि दमक-७ मा रहेको सहकारीको कार्यालय गत मंसिर २९ गतेदेखि नै बन्द भएको छ ।

पीडितले दिएको निवेदनमा उल्लेख गरिएअनुसार सहकारीको २५ लाख ७० हजार १३३ रुपैयाँसहित दमक-८ का ज्ञानेन्द्र श्रेष्ठको २१ लाख, दमक-५ का राजु गौतमको चार लाख, दमक-९ का टेकबहादुर योञ्जनको आठ लाख, दमक-९ का रामकुमारी श्रेष्ठको १२ लाख, दमक-६ का डिल्लीराम प्रसाईंको दुई लाख, कमल गाउँपालिका-४ का गौरी राईको दुई लाख र कमल-४ कै दुरेन्द्रबहादुर नेम्वाङको छ लाख रुपैयाँ सापटी रकम लिएर खनाल फरार भएका हुन् ।

सहकारीको ठगी विषयमा उजुरी गरिए पनि अहिलेसम्म नगरपालिका र स्थानीय प्रशासनले सो विषयमा पहलकदमी नचालेको भन्दै पीडितहरूको समूहले एकाएक घटना बाहिर ल्याउनुपरेको पीडित कमल-४ का दुरेन्द्र नेम्वाङले बताए । सामाजिक सञ्जालमार्फत पीडितले न्यायका लागि सहयोग पुऱ्याइदिन अपिल गरेका छन् ।

# यूएईसँग नेपालको हार

***झापा (प्रस)*** । नेपालले चारदेशीय ट्वान्टी-२० शृंखलामा युएईविरूद्ध २५ रनको पराजय बेहोरेको छ । १ सय ९३ रनको लक्ष्य पाएको नेपालले निर्धारित २० ओभरमा ५ विकेट गुमाइ १ सय ६७ रनमात्र बनाउन सक्यो ।

नेपालबाट ओपनरद्वय ज्ञानेन्द्र मल्ल १९ बलमा २२ र आसिफ शेखले २९ बलमा ३४ रन बनाए । ज्ञानेन्द्रले २ चौका र १ छक्का तथा आसिफले ४ चौका र १ छक्का प्रहार गरे । दीपेन्द्रसिंह ऐरीले सर्वाधिक ४१ रन बनाए । ३३ बल खेलेका उनले ५ चौका प्रहार गरे ।

आरिफ शेख ११ रनमा आउट भएका थिए । इनिङ्सको अन्तिम बलमा आउट भएका लोकेश बलमा २१ बलमा २ चौका र २ छक्कासहित ३३ रन बनाए । उनको यो पहिलो अन्तर्राष्ट्रिय खेल हो । शरद भेषावकर ८ बलमा १० रन बनाइ अविजित रहे । युएईका कासिफ दौडले ४ ओभरमा ३९ रन खर्चेर २ विकेट लिए ।

नेपालले अघिल्लो खेलमा शुक्रबार ओमानलाई ६ विकेटले पराजित गरेको थियो । नेपालले सोमबार आयरल्यान्डसँग प्रतियोगिताको अन्तिम खेल खेल्ने छ । यसअघि पावर प्लेको ६ ओभरमा युएईले १ विकेट गुमाइ ६० रन जोडेर

❖ बाँकी अन्तिम पृष्ठमा

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**झापाली प्यालेस इङ्लिस स्कूल प्रा. लि. को विशेष साधारणसभाले कम्पनीको नाम परिवर्तन गर्ने सम्बन्धमा विशेष प्रस्ताव पारित गरी कम्पनीको नाम श्री युनिभर्सल पब्लिक एकाडेमी झापा प्रा. लि. कायम गर्ने निर्णय गरेकोमा श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत मिति २०७८/०४/१९ को निर्णयबाट साबिक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु , व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने, व्यहोर्ने शर्तमा उक्त नाम परिवर्तन गर्न स्वीकृति प्रदान गरेको हुँदा उक्त झापाली प्यालेस इङ्लिस स्कूल प्रा. लि. नाम परिवर्तन भई श्री युनिभर्सल पब्लिक एकाडेमी झापा प्रा.लि. कायम हुन गएको ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।**

**युनिभर्सल पब्लिक एकाडेमी झापा प्रा.लि.**
**झापाली प्यालेस इङ्लिस स्कूल प्रा.लि.(साविक)**

# यासोक बजारमा आगलागी

***फिदिम (प्रस)*** । पाँचथरको कुम्मायक गाउँपालिकाको यासोक बजारमा आगलागी भएको छ ।

साँझ ७:४५ बजे यासोक बजारमा झरेन्द्र खतिवडाको घरबाट आगलागी सुरु भएको हो । उक्त घरसँगै अन्य घरहरु रहेपनि नजिकै पक्की घर रहेकाले आगो फैलन नपाएको तर फैलन खतरा रहेको स्थानीय सञ्चारकर्मी मदन थापाले जानकारी दिए । आगलागी नियन्त्रणको प्रयास जारी रहेको छ । आगलागीबाट खाना पकाउने ग्याँस सिलिण्डर विस्फोट भएको र हावा चलेकाले आगलागी नियन्त्रण हुन नसकेको उनले जानकारी दिए । आगलागी कसरी सुरु भयो भन्ने यकिन नभएको स्थानीयवासीले जनाएका छन् ।

# शिवसताक्षीमा पानीमा डुबेर बालकको मृत्यु

***झापा (प्रस)*** । झापाको शिवसताक्षीमा पानीमा डुबेर एक बालकको मृत्यु भएको छ । शनिबार बिहान अन्दाजी ९:३० बजे शिवसताक्षी नगरपालिका १ बस्ने टिकामाया श्रेष्ठका ३ वर्षिय छोरा आयुस श्रेष्ठको घरबाट अन्दाजी १५० मिटर उत्तरमा रहेको सडकको नालीको पानीमा डुबेर मृत्यु भएको हो । नालीमा डुबिरहेको अवस्थामा बालकका काका दिनेश श्रेष्ठले देखेर तत्काल उपचारको लागि लाईफलाईन अस्पताल दमक पुर्याइ उपचार भईरहेकोमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी बसन्त पाठकले जनाएका छन् ।

**ठाकुर पोलिक्लिनिकमा काडमाडौंका बरिष्ठ डाक्टरहरूको सेवा**

**डा. रवीन्द्र सिमखडा**
MD (Internal Medicine) DM (Cardiology)
बरिष्ठ मुटु रोग विशेषज्ञ
शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र काठमाडौंबाट यसपटक फागुन ७ गते शनिवार

**डा. नेहा हुमागाँई मैनाली**
MBBS (KU) MD (KU)
वरिष्ठ स्त्री रोग विशेषज्ञ
यसपटक फागुन १४ गते शनिवार

**डा. रोमिला चिमरिया**
MBBS, MD (PEDIATRICS)
बरिष्ठ बाल मुटुरोग विशेषज्ञ
नेपाल मेडिकल कलेज काठमाडौं
यसपटक फागुन १४ गते शनिवार

**डा. विवेक रौनियार**
MBBS, MD (NEURO Physician)
बरिष्ठ ढाड, टाउको तथा नशा रोग विशेषज्ञ यसपटक फागुन २१ गते शनिवार

सम्पर्क: पश्चिम बस स्टेण्ड, बिर्तामोड (झापा)
फोन नं. ०२३-५९०००८, ९८१७९६४७७१

The BLUE MOON Café

बर्थडे पार्टी ( हलसहित ) ,स्पेशल थकाली खाना , नास्ता , पेय पदार्थ पाउनुका साथै होम डेलिभरीको पनि व्यवस्था छ ।

भ्यालेन्टाईन डे को उपलक्ष्यमा विशेष छुट

Add: Sanischare road (Global bank opposite) Birtamode-Jhapa
Mob: 9746865070 , 9852665071



# अमरदहमा अन्तर्राष्ट्रिय आमन्त्रित फुटबल हुने



*पथरी (प्रस)* । मोरङको सुनवर्षी नगरपालिका-२ स्थित अमरदहमा ढल्केजोवन अन्तर्राष्ट्रिय आमन्त्रित फुटबल प्रतियोगिता आगामी फागुन १३ गतेदेखि हुने भएको छ ।

ढल्केजोवन गोल्डकपको तयारीका बारेमा शनिबार दिउँसो विरेन्द्र सार्वजनिक माविको खेलमैदानमा पत्रकार सम्मेलन आयोजना गरी सोको जानकारी दिइएको हो । ३० वर्षमाथिका खेलाडीहरूको सहभागिता रहने उक्त प्रतियोगिता फागुन २४ गतेसम्म संचालन हुने छ ।प्रतियोगितामा नेपाल , भारत तथा भुटानका सहित १२ टिमले सहभागिता जनाउने भएका छन् ।

प्रतियोगिताका लागि सम्पूर्ण तयारी पूरा भइसकेको ढल्केजोवन गोल्डकप आयोजना क्लवका अध्यक्ष प्रताप तामाङले बताए ।

प्रतियोगितामा भुटानको फ्रेन्ड्स भेट्रान फुटबल क्लव तथा भारतको दार्जिलिङ भेट्रान फुटबल क्लब र सिक्किम भेट्रान फुटबल क्लबले भाग लिनेछन् भने नेपालका नेपाल आर्मी क्लब, सशस्त्र प्रहरी बल , पोखरा-११ , बुटवल भेट्रान क्लब , हेटौडा भेट्रान क्लब, सुन्स भेट्रान क्लब , काठमाडौंको लक्ष्मुण भेट्रान क्लब , झापा भेट्रान फुटबल क्लब तथा आयोजक मोरङ भेट्रान फुटबल क्लबले सहभागिता जनाउने अध्यक्ष तामाङले बताए ।

प्रतियोगितामा विजयी हुने प्रथम टिमलाई ५ लाख ११ हजार रुपैयाँ तथा द्वितीय हुने टिमलाई २ लाख ५१ हजार नगद पुरस्कार प्रदान गरिने भएको छ भने प्रतियोगितामा उत्कृष्ट खेलाडी , उत्कृष्ट रेफ्री , उत्कृष्ट गोलरक्षकलगायतलाई समेत नगद , ट्रफी ,मेडल तथा प्रमाणपत्र प्रदान गरिने उक्त अवसरमा जानकारी दिईयो ।

सोहि क्षेत्रमा बसोबास गर्ने प्रदेश नं १ का सांसद लीलावल्लभ अधिकारीले १ लाख ४० हजार रुपैयाँ बराबरको आर्थिक सहयोग प्रदान गरेको उक्त प्रतियोगितामा सुन्दर हरैंचा, लेटाङ ,सुनवर्षी पथरीशनिश्चरेलगायतका क्षेत्रका उद्योगी व्यापारीहरुले ५० हजार भन्दाबढी आर्थिक सहयोग प्रदान गरेको बताइयो ।

सुनवर्षी नगर क्षेत्रको व्यावसायिक प्रवर्द्धन तथा खेलकुद विकासमा टेवा पुर्याउने उद्देश्यले आयोजना गरिने उक्त प्रतियोगिता सम्पन्न गर्नका लागि अहिलेसम्म ४० लाख बढी आर्थिक संकलन भैसकेको र सोही अनुसार खर्च हुने अनुमान गरिएको छ ।

मोरङ फुटबल संघ अध्यक्ष दिपेन्द्र धिमालको प्रमुख आतिथ्यमा भएको सम्मेलनमा संघका उपाध्यक्ष हेमेश्वर राई, सचिव विनोद राजवंशी, विरेन्द्र सार्वजनिक माविका अध्यक्ष सोभित रायमाझी, पूर्व राष्ट्रिय खेलाडी संजिव बुढाथोकी, एन्फा रेफ्री विक्रम कार्की, सजित धिमाल, खेलप्रेमी गणेश थलुङलगायतको उपस्थिति रहेको थियो ।

# चुनावी तालमेलमा गठबन्धनबीच मतभिन्नता

*धरान (प्रस)* । सत्तारुढ गठबन्धन दलले धरानस्थित वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र बैशाख ३० गते हुन गईरहेको स्थानीय तहको निर्वाचनबारे छलफल गरेका छन् । नेपाली कांग्रेस सुनसरी क्षेत्र नं. १ का क्षेत्रीय सभापति सुजेन्द्र तामाङको अध्यक्षतामा उनकै निवासमा बैठक बसी छलफल गरेका हुन् । बैठकले हालै सरकारले गरेको निर्णय समीक्षा गर्नुपर्ने सम्बन्धमा छलफल गरेको छ । बहालवाला पदाधिकारीहरुलाई यथावत राखेर प्रतिष्ठानको काम गर्नेगरी कर्मचारी तोकेको विषय अदालतमा विचाराधीन रहिरहेको अवस्थामा पछिल्लो पटक मन्त्रिस्तरीय निर्णय गरी पुनः उनै कर्मचारीलाई थप अधिकार प्रत्यायोजन गरिनु वैधानिक र व्यवहारिक हुन नसक्ने बैठकले आशंका गरेको छ । सरकारले संचालक परिषदको बैठकमा जोड दिई विद्यमान कानुनी व्यवस्थालाई टेकेर संचालक परिषद वा अन्य संवैधानिक वाटो अपनाई प्रतिष्ठानको समस्या तत्काल हल गर्न राजनीतिक दलको तहवाट पनि पहल गर्ने बैठकले निर्णय गरेको छ । बैठकमा आसन्न स्थानीय तहको निर्वाचनमा चुनावी तालमेल गर्ने-नगर्ने बारेमा पनि छलफल भएको छ । छलफलमा नेपाली कांग्रेसले स्थानीय तहको निर्वाचनमा तालमेल गर्न प्राविधिक मात्र नभई व्यवहारिक रुपले पनि कठिनाई हुने भन्दै तालमेल गर्न उपयुक्त नहुने तर्क गरेको छ भने अन्य दलले कार्यकर्ता र मतदातामा एकखाले मनोविज्ञान पैदा हुने भन्दै लामो समय अन्यौलतामा नबसी तालमेल गर्ने नगर्ने सम्बन्धमा समयमै निर्णय हुनुपर्ने विचार राखेका छन् । बैठकमा नेपाली कांग्रेसका १ नं. प्रदेश महामन्त्री उमेश थापा, सुनसरी जिल्ला सचिव माधव घिसिङ, प्रदेशसभा सभापतिद्वय अनिल श्रेष्ठ र मुरारी भट्टराई, धरान नगर सभापति श्याम पोखरेल, क्षेत्रीय सचिव केशव पुरी र क्षेत्रीय सहसचिव सुमित राईको उपस्थिति रहेको थियो । त्यसैगरी नेकपा माओवादी केन्द्रका १ नं. प्रदेश सदस्य अइन्द्र वेघा, धरान नगरका वरिष्ठ सदस्य चोत्लुङ, पूर्व जिल्ला सदस्य अशोक राईको उपस्थिति रहेको थियो । त्यसैगरी जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य भिम राई र धरान नगर सभापति ताजुव लिम्वुको उपस्थिति रहेको थियो ।

# दशनामी समाजको कार्यालय स्थापना

*बिर्तामोड (प्रस)* । नेपाल दशनामी समाज बिर्तामोड नगर समितिले कार्यालय स्थापना गरेको छ । नगर समितिले दशनामी समाजको बुट्टाबारीस्थित भवनमा शनिवार कार्यालय स्थापना गरेको हो ।

कार्यालयको उद्घाटन नेपाल दशनामी समाज केन्द्रीय सल्लाहकार हर्कलाल गिरी, केन्द्रीय सल्लाहकार केदारप्रसाद गिरी, प्रदेश नं. १ सह-सचिव पदमबहादुर पुरी, समाजका झापा अध्यक्ष केदार गिरी, पूर्व अध्यक्ष खिलबहादुर गिरी, झापा पूर्व बरिष्ठ उपाध्यक्षले गरेका थिए ।

नगर अध्यक्ष अर्जुन गिरीको अध्यक्षतामा भएको



कार्यक्रममा नेपाल कार्यक्रमका नेपाल दशनामी समाज केन्द्रीय सल्लाहकार हर्कलाल गिरीको प्रमुख आतिथ्य रहेको थियो । नगरका वरिष्ठ उपाध्यक्ष नारायणप्रसाद गिरीले स्वागत मन्तव्य राखेको कार्यक्रमको सञ्चालन नगर सचिव उद्धव पुरीले गरेका थिए ।

कार्यक्रममा नगरका सल्लाहकार तथा केन्द्रीय सल्लाहकार तथा जिल्ला नेतृत्वहरुसँग सुझाव संकलन गरिएको थियो । केन्द्रीय सल्लाहकार हर्कलाल गिरी, केदारप्रसाद गिरी, प्रदेश नं. १ सह-सचिव तथा नगरका सल्लाहकार पदमबहादुर पुरी, समाजका पूर्व अध्यक्ष खिलबहादुर गिरी, झापा पूर्व बरिष्ठ उपाध्यक्ष एलबहादुर गिरी, नगर सल्लाहकार तथा झापा अध्यक्ष केदार गिरी, झापा कोषाध्यक्ष तथा नगर सल्लाहकार बालकृष्ण गिरी, सल्लाहकार शंकर गिरी, नरनाथ गिरीलगायतले अक्षयकोष स्थापनाका लागि सुझाव दिएका थिए ।

सोही कार्यक्रमका बीच अध्यक्षकोष स्थापनाका लागि झापा अध्यक्ष केदार गिरीले ५१ हजार रुपैयाँ दिने घोषणा गरेका छन् भने नगर कोषाध्यक्षले कोषका लागि २५ हजार रुपैयाँको चेक प्रदान गरेका छन् ।

# करेन्ट लगाएर माछा मार्दा मृत्यु

*झापा (प्रस)* । झापाको मेचीनगरमा करेन्ट लगाई माछा मार्ने क्रममा एकजनाको मृत्यु भएको छ । शनिबार साँझ ४ बजे मेचीनगर १३ सुगम टोलस्थित फुलबासा खोलामा करेन्ट लगाई



माछा मार्ने क्रममा स्थानीय ५० वर्षिय मानबहादुर बराइलीको मृत्यु भएको हो । आफ्नै घरबाट विजुलीको तार जडान गरी घरदेखि १५ मिटर पश्चिम खोलामा माछा मार्ने क्रममा बराईलीलाई अचानक करेन्ट लागेको थियो । घाईतेलाई उपचारको लागि बिर्तामोडतर्फ लादै गर्दा बाटैमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# जेक्वेर कम्पनीको सोरुम बिर्तामोडमा

*बिर्तामोड (प्रस)* । निर्माण नेपालले भारतको नम्बर १ जेक्वेर कम्पनीका सामग्री विक्री वितरणका लागि बिर्तामोडमा शोरुम सञ्चालनमा ल्याएको छ । निर्माण नेपालले पूर्वी नेपालका उपभोक्ताका माझ भारतको मल्टी नेशनल कम्पनी जेक्वेरका लाइटिङ र सेनेटरीको सामग्री बिक्रीका लागि सोरुम सञ्चालनमा ल्याएको शनिवार पत्रकार भेटघाट गरी जानकारी गराएको हो । २ करोडभन्दा बढी रुपैयाँको लगानीमा सञ्चालनमा आएको निर्माण नेपालको




सञ्चालकमा विवेक गुप्ता, मदनलाल गुप्ता, ओमप्रकाश गुप्ता र आनन्द गुप्ता रहेको सोरुमका मार्केटिङ एण्ड सेल्स मेनेजर मञ्जुल भारतीले बताए ।

निर्माण नेपालमार्फत धारा, बाथटपलगायतका पूवमै पहिलो पटक जेक्वेर कम्पनीका पूर्ण बाथरुम तथा लाइट सोलुसनको सोरुम सञ्चालनमा ल्याएको सोरुमका प्रोप्राइटर विवेक गुप्ताले जानकारी दिए । त्यसैगरी सोरुममा सेनेटरी सामानका साथै जेक्वेर कम्पनीकै आउटडोर लाइटिङ, खुद्रा लाइटिङ, सजावट लाइट, झुमरलगायत पूर्ण लाइटिङ सोलुसन बाथरुमको कन्सेप्ट डिजाइन तथा सजावट र निर्माण तथा परामर्श सेवा समेत उपलब्ध भएको प्रोप्राइटर गुप्ताले जानकारी दिए । अन्य कम्पनीभन्दा उक्त सामग्रीको मूल्य बढी भएपनि गुणस्तरमा एकदमै राम्रो भएको गुप्ताले बताए ।

जेक्वेर कम्पनीको सामग्री ७ बर्षको वारेन्टी रहेको र ७ बर्षसम्म निःशुल्क सर्भिसको समेत व्यवस्था भएको गुप्ताले बताए । सोरुमको उद्घाटन फागुन १ गते हुँदैछ । बिर्तामोड, भद्रपुर, काँकडभिट्टा, सुरुङ्गा, दमकलगायत स्थानका उपभोक्तालाई मध्यनजर गरी शोरुम सञ्चालनमा ल्याइएको जनाइएको छ । निर्माण नेपाल फर्मले विगत बर्षदेखि बिभिन्न कम्पनीका सेनेटरी सामान, प्लम्बिङका साथै नेपालको उत्पादन मंगलम सीपीभिसी र पिभिसी पाइप तथा एशियन पेन्टस्को पूर्वाञ्चल स्तरीय डिलरको रुपमा काम गर्दै आएको जनाइएको छ ।

# झापा गोल्डकपको लागि खेल मैदानको स्तरोन्नति

झापा । पाँचौं संस्करणको झापा गोल्डकप नजिकिँदै जाँदा खेल मैदानको स्तरोन्नति सुरु गरिएको छ । फागुन २१ गतेदेखि हुने झापा गोल्डकपका लागि बिर्तामोड-३ मा रहेको डोमालाल राजवंशी रंगशालाको स्तरोन्नति र मर्मत सुरु गरिएको झापा गोल्डकपका अध्यक्ष विनोद बस्नेतले जानकारी दिए ।

मैदानको झार गोडेर रंगशालालाई पुरानै अवस्थामा पुर्याउन गोडमेल तथा मर्मतको काम सुरु गरिएको हो । डोमालाल राजवंशी रंगशाला देशभरका खेल मैदानहरुमध्ये उत्कृष्ट मानिन्छ । खेल मैदानको आकर्षणमा कुनै कृत्रिमता नहुने र प्राकृतिक घाँसे



मैदानलाई मिलाएर बुट्टादार बनाइने बस्नेतले बताए ।

रंगशालामा करिब १० हजार दर्शक बस्न सक्नेगरी बाँसको प्यारापिट पनि निर्माण गरिने महासचिव गजेन्द्रबहादुर पौडेलले जानकारी दिए । नेपालकै उत्कृष्ट र आकर्षक मानिएको खेल मैदान डोमालाल राजवंशी रंगशालाको स्तरोन्नतिका लागि तीव्र गतिमा काम भइरहेको पौडेलले बताए ।

झापा गोल्डकपजस्तो प्रतिष्ठित प्रतियोगिता हुने सो मैदानको आकर्षण नघटोस् भनेर आयोजक समितिले काम सुरु गरेको हो । रंगशालामा उम्रिएका अनावश्यक झार उखेल्ने तथा प्राकृतिक घाँस रोप्ने काम थालिएको छ ।

पाँचौं संस्करणको झापा गोल्डकपको विजेताले नगद १२ लाख ५५ हजार र उपविजेताले नगद छ लाख पाँच हजार रुपैयाँ प्राप्त गर्ने कोषाध्यक्ष केदार गिरीले जानकारी दिए । गोल्डकप सम्पन्न गर्न एक करोड ४० लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ ।

त्यस्तै, मस्ट भ्यालुएवल प्लेयरलाई एक थान मोटरसाइकल, उत्कृष्ट गोलकिप्पर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट प्रशिक्षकलाई नगद २१ हजार र उच्च गोलकर्तालाई नगद २५ हजार प्रदान गरिने गिरीले बताए । प्रत्येक खेलको म्यान अफ द म्याचलाई नगद ९ हजार ९९९ रुपैयाँ दिइनेछ ।

प्रतियोगितामा आयोजक झापा ११ फुटबल क्लबसहित नेपालका ए डिभिजन क्लब, मोफसलका एक वा दुई क्लब र विदेशी क्लबको सहभागिता रहनेछ । झापा गोल्डकपको फाइनल खेल फागुन ३० गते हुनेछ ।

## यूएईसँग...

आक्रामक सुरुआत गरेको यूएईले चिराग सुरी र रोहन मुस्ताफाको सानदारमा १९२-३ को मजबुत स्कोर बनाएको थियो ।

सुरी ८४ रन बनाएर अविजित रहे । उनले ५३ बल खेली ५ चैका र ५ छक्का प्रहार गरे । उनीसँगै अविजित रहेका मोहम्मद बुटाले ८ बलमा १४ रन बनाए । मुस्ताफाले ३५ बलमा ५ चौका र २ छक्का प्रहार गरी ४९ रनमा आउट भए ।

ओमानको राजधानी मस्कटमा ओपनर मोहम्मद वासिमले तेस्रो ओभरको पहिलो दुई बलमा शाहव आलमको बलमा लगातार दुई छक्का प्रहार गरेका थिए । त्यसको अर्को बलमा शाहवले वासिमलाई दीपेन्द्रसिंह ऐरीको हातबाट क्याच आउट गराए । वासिमले १३ बलमा २२ रन बनाए । कप्तान सन्दीप लामिछानेले बसिल अहमदलाई १७ रनमा बोल्ड गरे ।

नेपालले ओमानसँगको टोलीबाट तीन खेलाडी परिवर्तन गरेको छ । प्रदीप ऐरी, अविनाश बोहरा र सागर ढकालको स्थानमा लोकेश बम, जितेन्द्र मुखिया र शाहवलाई खेलाइएको छ । नेपालले लगातार दोस्रो खेलमा पनि प्रमुख खेलाडीद्वय कुशल भुर्तेल र करण केसीलाई खेलाएको छैन । साता सुरु हुने ट्वान्टी-२० विश्वकपको छनोटको तयारीको रुपमा नेपालले यो प्रतियोगिता खेलिरहेको छ । विश्वकप छनोटको खेलहरू पनि मस्कटमै हुनेछ ।

बजारमा वस्तु तथा सेवाको मुल्य र गुणस्तरमा शंका लागेमा बाणिज्य , आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमुख जिल्ला अधिकारी वा स्थानिय तहका निरिक्षण अधिकृतलाई जानकारी गराऔँ स्वच्छ बजार संचालनमा मद्दत पुऱ्याऔँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

ठाकुर पोलिक्लिनिकमा
विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा
डा. पिताम्बर ठाकुर
MBBS MD (TU) NMC 1914 Consultant Physician
समयः दैनिक बिहान ११–२ बजेसम्म, दिउँसो ४ बजेपछि
हाम्रा थप सेवाहरु :
डा. शंशाकराज कोइराला : टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
डा. लवराज लोहनी : बाथरोग विशेषज्ञ
डा. केशव मण्डल : नवजात शिशु तथा बालरोग विशेषज्ञ
डा. धिरज गिरी : नाक, कान, घाँटी रोग विशेषज्ञ
डा. विवेक रौनियार : हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
डा. केशव ढकाल : छाला, कुष्ठ तथा यौनरोग विशेषज्ञ
डा. शम्भु नवल : वरिष्ठ चिरफार सर्जन विशेषज्ञ
डा. यज्ञराज खरेल : वरिष्ठ हाडजोर्नी तथा नसा रोग विशेषज्ञ
यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ ।
पश्चिम बस स्टेण्ड, बिर्तामोड–१, झापा, फोन :०२३–५९०००८, ९८१७९६४७७१

हरि ओम UPVC उद्योग
बिर्तामोड-१ (बाल्मिकी स्कुल पश्चिम) फोन: ०२३-५४२४६१
हाम्रा सेवाहरु: यु.पि.भि.सि. का विभिन्न डिजाईनका झ्याल ढोका पार्टेसन, रुफिङ्गका साथै आधुनिक आवास, विद्यालय, अस्पताल, होटलका भवनहरू निर्माण गरिन्छ।



नेपालमै पहिलो पटक बनेको ISO 2001/2015 मान्यता प्राप्त लिड केमिकल फ्रि भएको नेपालको एक नम्बर UPVC Nepatop
9842717153 / 9842696003

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

प्रतिदिन राष्ट्रिय दैनिक

# अभिव्यक्ति

कविता

## न्याय केवल एक लाश



• डि.बि. कट्टेल

स्वप्निल सिर्जनाको आँखा चिथोरिएर चुहिएको रगत
क्षितिजमा बग्दै
मिर्मिरेमा गएर पोखिएको बेला
उनले भनिन खोइ कहाँ छ जीवनका लागि आदर्शहरू ?

एउटी आमाको मुटु छिया-छिया हुँदा बर्सिएका आँशुहरू
भरोसामा गएर छचल्किएको बेला
उनले भनिन्, खोई कहाँ छ जीवनका लागि न्यायहरू ?

आकाश हेर्दै उनले सम्झेकी थिइन् जीवनका कल्पनाहरू
त्यहाँ थिए निर्दोष- निर्दोष प्रतिबिम्बहरू
केवल
निर्मलाका !
भागरथीका !
लगायत' लगायत सयौँ.. सयौँ.. अबोध सपनाहरूका।

विश्वासको छाती लत्याएर
शान्त हिमालका आखा चिथोर्नेहरूको भिडमा
उनले फेरि भनिन् खोई कहाँ छ जीवनका लागि भरोसाहरू ?

बगेका कन्चन नदीहरूमा मृत्युकारी बिष ओकल्दै
मिर्मिरेका सुन्दर शीतहरूको आभा लुट्नेहरूको जमातमा
उनले फेरि भनिन खोई कहाँ छ जीवनका लागि सहाराहरू ?
गन्तव्य खोज्दै मात्र उनले एक मुठी माया सँगालेकी थिइन्
त्यहाँ थिए फक्रँदै गरेका फूलका छायाहरू
केवल
निर्मलाका
भागरथीका !
लगायत'.लगायत सयौँ.. सयौँ'अबोध सपनाहरूका ।

यसैले, कैयौँ फूलहरूका लागि जीवन जिउने क्रममा
आदर्श केवल एक प्रश्न बनेको छ
एक मुठी सासको अस्तित्व जोगाउने क्रममा
भरोशा केवल एक आघात बनेको छ
जीवनका लागि मिठा भाकाहरू सिउने क्रममा
सहाराहरू आमाकै छाती चिरिने पहिरो मात्र बनेको छ
अनगिन्ति अठोटका सपनाहरू तुहिएका बेला
उनीहरूका लागि न्याय केवल एक लाश मात्र बनेको छ
'. न्याय केवल एक लाश मात्र बनेको छ।

## पक्कै बन्छौ तिमी पनि

डा. बालकृष्ण अधिकारी



सोच तिम्रा ती जब सगर छुन्छन्
जागी दिनु हे मानव तिमी
सगर तिम्रा ती कर्म छुन्छन्
जब जागी हिँडछौ तिमी तिम्रा सोच सरी
आश तिम्रा ती जब मनुष्य पारी
उडछौ हे मानव तिमी परी सरी
आश तिम्रा ती कर्मप्रति
तब जित्छौ तिमी तिमीलाई पुगे जति
सपना तिम्रा ती चम्कँदा तारा जस्ता
चम्किहिँडनु हे मानव ज्योति बनी
ज्योत तिम्रा होस् धर्म जस्ता
अनि बन्छौ ईश्वर बिना पनि भाग्यमानी
अनि बन्छौ ईश्वर बिना पनि भाग्यमानी।

मुक्तक



• संगम खरेल

कहिलेकाहीं आँखाबाट झर्छ जिन्दगी ।
टुक्र्याएर मुटु अन्तै सर्छ जिन्दगी ॥
अनन्त छ यो धरातल हामी बीचको ।
दुई ध्रुव भेट नहुँदै मर्छ जिन्दगी ॥
*अर्जुनधारा - ९*

## कसरी बनेका थिए क्षत्रीय राजा विश्वरथ महर्षि विश्वामित्र ?



• कमल रिजाल

महर्षि विश्वामित्रको नाम सबैले सुनेका छौँ । उनलाई कौशिक ऋषि पनि भनिन्छ । कुशिक कुलमा जन्मेकाले कौशिक भनिएको हो । उनी नेपालको भूमिपुत्रमा पनि पर्छन् । उनको जन्म पूर्वी नेपालको कुनै कुनामा भएको हो भन्ने आम बुझाइ छ । उनको आश्रम नजिककी नदीलाई कौशिकी भनिन्छ । कौशिकको आश्रम नजिक बग्ने भएकीले कौशिकी भनिएको हो, जसलाई हिजोआज कोशी भन्ने गरिएको छ । मूलतः विश्वामित्र वैदिक ऋषि हुन् तर पौराणिक ग्रन्थहरूमा पनि राम्रै चर्चा पाउने महर्षिमा पर्छन् । ऋग्वेदको तृतीय मण्डलका सूक्तहरू उनकै देन हुन्, जसमा ६२ वटा सूक्त र ६३९ मन्त्र छन् । हाल जसलाई गायत्री महामन्त्र भनेर उपासना गर्ने गरिएको छ त्यसको द्रष्टासमेत उनै हुन् । यस मन्त्रलाई उनले ऋग्वेद मण्डल तीन, सूक्त ६२ को दसौँ नम्बरमा गुम्फन गरेका छन् । विश्वामित्रको वास्तविक नाम विश्वरथ हो । उनको जन्म क्षत्रीय राजकुलमा भएको थियो । उनका बाबुका नाम भने गाधीराज थियो, जो तत्कालीन समाजको जानेमाने प्रशासकमा पर्थे । बाबुको मृत्युपछि पैतृकगद्धी त समाले तर त्यतिमै सीमित हुन भने चाहेनन् , सकेनन् र दिग्विजयका लागि निस्के । हुन पनि उनी यति बढी पराक्रमी थिए कि उनको नाम सुन्नेबित्तिकै तत्कालीन भूगोलका राजामहाराजाहरू सिंहको शब्द सुनेर भागेका व्याँसाहरूले जस्तै भागाभाग गर्थे । यही शौर्य र बहादुरीका कारण उनले चाँडै नै आर्यावर्तका अधिकांश भूभागमा आधिपत्य कायम गराएका थिए । एक पटकको कुरा हो वनविहार गर्न गएको बेला केहीबेर विश्राम गर्न ब्रह्मर्षि वसिष्ठको आश्रम छिरेका थिए । वसिष्ठ तत्कालीन ऋषि समाजका प्रमुखमा पर्थे । उनका अगाडि भूमण्डलका सबै राजामहाराजाहरू शिर झुकाउँथे । कुनै पनि विशेष काममा उनको सहमति आवश्यक हुन्थ्यो । अन्यथा त्यसले आधिकारिकता नै पाउन सक्दैन थियो तर उनी आफैँ भने साधारण आश्रमवासी जीवन व्यतीत गर्दै आएका थिए । घमन्ड र अहङ्कार कुन चराको नाम हो भन्नुपर्ने अवस्था थियो । आश्रममा अकस्मात् दलबलसहित सम्राट् विश्वरथको उपस्थिति देखेर वसिष्ठले खुसी व्यक्त गर्दै तत्कालै स्वागतसत्कार तथा यथेष्ठ मिष्टान्न भोजनले तृप्त पारी आउनुपर्नाको कारण सोधे । आउनुको खासै कारण त थिएन तर ...।' विश्वरथले आश्चर्य मान्दै भने- ' महर्षिजी ! के चमत्कार हो यो ? जादू भनौँ कि टुनामुना ? हामीले आउँदैछौँ भनेका पनि थिएनौँ । खानपानको व्यवस्था गर्न भनिएको पनि थिएन तर यति छोटो समयमा यतिका मानिसलाई त्यो पनि यथेष्ठ मिष्टान्न भोजनले तृप्त पाने काम कसरी सम्भव भयो । '

'जादूसादु केही होइन महाराज ! वसिष्ठले विनम्रतापूर्वक उत्तर दिए-

'म त निमित्त मात्र हुँ । जे भएको छ यिनै कामधेनुको कृपा हो । उनकै कृपाले जतिबेला भन्यो त्यतिबेला, जति भन्यो त्यति र जस्तो भन्यो त्यस्तै चीज प्राप्त गर्छु र पो अतिथिसेवा गरी गृहस्थीधर्म निर्वाह गर्न सकेको छु महाराज ! नत्र त हामी जस्ता आश्रमवासीको पासमा के नै हुन्छ र ।' वसिष्ठको कुरा सुनेर विश्वरथमा लोभ जाग्यो । उनले आफ्नो र आश्रमको समेत मर्यादाको ख्यालै नगरी भने-

'ओहो ! महर्षिजी ! त्यस्तो गाई त राजाको दरवारमा पो हुनुपर्छ त ? ऋषिआश्रममा के काम ? आश्रमै चलाउनु न हो ? यो त सामान्य गाईबाटै भइहाल्छ नि । त्यसैले ती गाई मलाई दिनुस् बरू सट्टामा मन लागेको चीज माग्न सक्नुहुन्छ ।' विश्वरथको कुरा वसिष्ठलाई मन परेन तर त्यति ठूला सम्राट् सिधै नकार्न पनि सकेनन् र टोलाउन लागे । विश्वरथलाई वसिष्ठको अवस्था बुझ्न बेर लागेन । त्यसपछि खोसेर भए पनि लान्छु भन्दै वसिष्ठमाथि जाइलागे तर उनको ब्रह्मतेजको अगाडि विश्वरथको केही लागेन । समग्र सैन्यबल लगाउँदा पनि एक्लो वसिष्ठलाई हल्लाउन नसकेपछि उनी आफ्नो राजसिक बललाई धिक्कार्दै तपस्या गर्न हिँडे । कठोर तपस्या गरी क्षत्रिय राजा विश्वरथबाट महर्षि विश्वामित्र बनेर राजधानी त फर्के तर त्यतिबेलासम्म उनको राज्य सयौँ टुक्रामा विभाजित भइसकेको थियो । त्यसैले वनमै आश्रम जीवन व्यतीत गर्दै वसिष्ठसँग टक्कर लिन थाले । यही क्रममा उनीबाट वैदिक ऋचाहरू रचन भएका मात्र थिएनन् समाजसुधारका क्षेत्रमा समेत थुप्रै काम भएका थिए । त्यतिबेलासम्म सशरीर स्वर्ग जाने अवसर कसैले पनि पाएका थिएनन् तर विश्वामित्रले तपोबलले त्यो पनि सम्भव गरेर देखाए । उनी तपस्या गर्न गएको बेला सत्यव्रत नामक राजाले उनको परिवारलाई बचाएका थिए । त्यसको सट्टामा उनले सत्यव्रतलाई सशरीर स्वर्ग पठाउने काम गरे । देवताहरूका अस्वीकृतिका कारण तत्काल त्यो सम्भव नभए पनि अन्तरिक्षमा अर्कै लोक खडा गरी सत्यव्रतलाई बसाउन भने कसैले रोक्न सकेन । राजा हरिश्चन्द्रको यज्ञमा नरवलीको परम्परा तोडेपछि बढेको उनको लोकप्रियता शिला बनेर बसेकी गौतमपत्नी अहल्याको उद्धारपछि थप चुलिएको थियो । तैपनि वसिष्ठले भने यसलाई आधिकारिकता दिएका थिएनन् ।

वसिष्ठ जीवित रहुन्जेल आफ्नो कामको मूल्याङ्कन होला जस्तो नलागेकाले एकदिन साँझ उनी वसिष्ठलाई सदाका लागि विदा गर्छु भन्दै चक्कु लिएर हिँडे । वसिष्ठ दम्पत्ती भने त्यतिबेला पनि विश्वामित्रकै प्रशंसा गरिरहेका थिए । जब उनले आफ्नो अनुपस्थितिमा पनि आफ्नै प्रशंसा भइरहेको सुने त्यसपछि पो झल्याँस्स भए र घमन्ड र अहङ्कार त्यागी वसिष्ठको पाउमा परे । वसिष्ठले पनि तत्कालै 'उठ्नोस् बह्मर्षिजी !' भन्दै ब्रह्मर्षिको पद प्रदान गर्ने काम मात्र गरेनन् सप्त ऋषिमण्डलमा समेत नियुक्त गरी थप उचाइ प्रदान गरे । यसरी विश्वामिमा जबतक घमन्ड अहङ्कार थियो तबतक उनको योगदानको समेत मूल्याङ्कन हुन सकिरहेको थिएन तर जब घमन्ड र अहङ्कार त्यागे त्यसपछि भने पहिलेदेखि चाहदै आएको ब्रह्मर्षिको पद मात्र पाएनन् कल्पनै नगरेको सप्तऋषिमण्डलमा समेत स्थान पाउन सफल भए । आज उनको भौतिक शरीर त छैन तर देन भने सप्तर्षि तारा बनेर अहिले पनि चम्किरहेको छ ।

## आजकालका निब्बा–निब्बीहरू !



• सृजना पोखेल

'हिजो एउटी बैनीको फेसबुक पोस्ट देखेँ - आई डोन्ट वान्ट टु लिभ एनिमोर, जस्ट लस्ट माई एभ्रिथिङ ( मैले मेरो सबथोक गुमाएँ, अब बाँच्नै मन छैन । ) हतार-हतार के भएछ भन्दै गएर बैनीको प्रोफाइल हेर्या त भर्खर सातमा पो पढ्दै रे । ' हाँस्दा-हाँस्दा मुर्छा परिएन झन्डै । एकैछिनमा ,' के एभ्रिथिङ गुमायौ हो बैनी ? रिबन कि इरेजर ? 'भनेर कमेन्ट गरेको है, मलाई त ब्लक हान्दिरा यार । आजकालका निब्बा-निब्बीहरू । हाहा ।

' ल सै हो ! म पनि तीन चार निब्बा निब्बीको ब्लकलिस्टमै छु, चिन्ता नगर्नु । हाहाहाहा !

क्याफेको कुनाको सिटमा मज्जाको हाँसो सुनियो ।

सामाजिक सञ्जालको आफ्नै एउटा शब्दकोष छ । त्यही शब्दकोषका दुई खुब चलेका शब्द हुन् निब्बा र निब्बी ।

केटा भए निब्बा । केटी भए निब्बी ।

निब्बा-निब्बी केबल शब्द होइन, एउटा उमेर समूहले पाएको तक्मा हो । निब्बा-निब्बी ती टिनएजर केटाकेटीहरू हुन् जो घाँटीमा पानीको टुमलेट भिर्दाभिर्दै गलामा तिलहरी भिर्ने सपना देख्छन् । ती काँचा मान्छेहरू जो बीस वर्षको दुनियाँ नदेख्दै बिष पिउने कसम खान्छन् । चाहिनेभन्दा बढी चटक देखाउँछन् । सामाजिक सञ्जालका बुज्झकी वयस्कहरूका अनुसार निब्बा-निब्बीको परिभाषा सालाखाला यही हो ।

यो परिभाषाले टिनएजरलाई देख्छ , तर कुनै प्रधानमन्त्रीले हेलिकप्टरमा बसेर भुइँका बाढीपीडितलाई देखेजसरी । टाढाबाट नजिक गएर उनीहरूको आँखा हेर्दैन । यसै पनि टिनएजर आँखाले जिन्दगी नै कति देखेका हुन्छन् र ! कामको नाममा स्कुल गयो, पढ्यो । न चामल, तरकारी किन्ने चटारो छ न घरभाडा तिर्ने हतारो । करिअरको तनाव छैन । आफन्तीहरू भेटैपिच्छे , बिहे कैले ?, बच्चा कैले ? भन्दै दिमाग खाँदैनन् छोराछोरी हुर्काउनु छैन, हाकिमको गाली खानु छैन । असली दुःख त यो पो हो त !

परिभाषा बनाउने वयस्कहरू यस्तै असली कि नक्कलीमा अल्झिरहन्छन् ।

अनि अल्झिएर झन्झन् गाँठो पर्दै जाने टिनएजरका इस्यु कता हराउँछन् कता, पत्तै हुन पाउँदैन ।

फुच्ची बहिनीलाई ६ मा पढ्दा पढ्दै प्रेम भयो । जति बुझेकी छ, त्यति नै भए पनि प्रेम भयो । भएजस्तो लाग्यो । उसलाई यो कुरा कसैलाई सुनाउन मन थियो । दिदीलाई सुनाउन मन थियो । तर त्यही बेला २४ वर्ष पुगेर बल्ल प्रेम विवाह गरेकी दिदीले मोबाइल हेर्दै, हाँस्दै बोलेको सुनी, काखीको रौं पलाको हुन्न, जुँगाको रेखी बसिसक्या हुन्न, बोइफ्रेन्ड गर्लफ्रेन्ड अरे ? यो उमेरमा त हामीलाई गालामा म्वाइँ खाए बच्चा जन्मिन्छझैं लाग्थ्यो । लभ सब भन्या के हो नि था थेन । कति फुर्फुर हौ आजकालका निब्बा निब्बीको !

मस्किँदै दिदीलाई मन सुनाउन ढोकासम्म पुगेकी बहिनी ढोकैमा अड्किई । अब यहीँनेरबाट ऊ दिदीलाई केही भन्नै छोडिदिन्छे । प्रेम हो कि होइन बुझ्न खोजेको, दिदीलाई सुनाउँदिन । ब्रेकअप भएको दिन मर्नै मन लाग्ला, त्यो पनि सुनाउँदिन । त्यही प्रेमीले कुनै दिन जबरजस्ती गर्न सक्छ, अप्ठ्यारो पार्न सक्छ । त्यो बेला बचाउने कोही चाहिसक्दा पनि ऊ दिदीको अगाडि अलिकति डर समेत चुहाउँदिन । किनकी दिदीले अरूको खिसी गरेको सुन्दा नै उसको मनमा बसिसकेको छ । दिदीलाई, उसका जस्ता कुराहरू निब्बा निब्बीको फुर्फुर लाग्छ । निब्बा निब्बी हुनु भनेको लाज हुने कुरा हो ।

यता दिदीलाई चाहिँ बहिनी किन केही कुरा सुनाउँदिन, घुसघुसे भई भन्ने पिर छ । हुन त दिदीलाई थाहा भएकै कुरा हो, खिसी गर्ने मान्छेलाई खुसी सुनाइन्न । ब्लकलिस्टमा परेको भन्दै क्याफेमा हाँसेका दाईहरूलाई पनि थाहा छ, स्कुल पढ्नेले गुमाउन सक्ने एभ्रिथिङ टाइ, बेल्ट, पेन, रिबन, इरेजर मात्रै होइनन् । स्कुले राजनीति हुन्छ । सरमिसहरूले टाउकोभरिको रिस पोख्ने एकथरी समूह अनि पुल्पुल्याएर टाउकैमा बोक्ने अर्को समूह हुन्छ । कक्षाभित्रै एउटा बुली झुन्ड हुन्छ जसले अलिकति मौका पाउनेबित्तिकै हेपेर, गिज्याएर स्कुल जानै मन नलाग्ने बनाइदिन्छ। जन्मेपछि आमाबाले थोपरिदिएको सेक्सआलिटी र आफ्नो मनले अँगालिरहेको सेक्सुआलिटी फरक पर्न सक्छ । खुलेर सेक्स उच्चारण पनि गर्न नपाउने उमेरमै यो गुथ्थी पनि सुल्झाउनु छ ।

यति सब भइरहँदा मनको कुरा जस्ताको तस्तै सुनाउन सकिने कोही चाहिन्छ । तर आमाबाको त पाटो नै अलग भयो, अस्तिसम्मका टिनएजर दाइदिदीहरू नै वयस्क बन्नेबित्तिकै यो सब बिर्सिदिन्छन् पहिलो कुरा त कुरै सुन्दैनन् सुने पनि सुनिएको महसुस हुनेगरी सुन्दैनन् सुनाउन मन लाग्नेगरी सुन्दैनन् । अनि जब कसैले यी टिनएजरलाई सुन्दैन, उनीहरू पनि अरूलाई सुन्न छाडी दिन्छन् बिस्तारै कोही घरसँग भर्किन सुरू गर्छन् । कोही पाहुनासँग तर्किन सुरू गर्छन् र केही चाहिँ मनमा लागेको सब कुरा, फेसबुक र टिकटकको आड लिएर जानीनजानी भए पनि बोल्न थाल्छन् कस्तो सुनिएला भन्ने धक नमानी बोल्न थाल्छन् ।

तर यसरी टिनएजरले बोलेको कुरा बाहिर आइसक्दा के भइदिन्छ भने, अब ती कुराहरू कुरा रहँदैनन् , कन्टेन्ट बन्छन् ट्रोल कन्टेन्ट । अब ती केटाकेटीहरू भाइबहिनी रहँदैनन् , निब्बा निब्बी बन्छन् कोशिस गर्दा सिकाउन सकिने मान्छे रहँदैनन् , खिसी गर्दै हाँस्न सकिने मीम बन्छन् । भर्खरै टिनएज सकेका ताजा वयस्कहरू नै सुरूमै यी भाइबहिनीलाई रोस्ट गर्न तँछाडमछाड गर्छन् ।

निब्बानिब्बीको चटक

केही वर्षअघि मात्रै हो, आफू जल्दाबल्दा टिनएजर हुन्जेल यिनै दाईदिदीलाई आफूभन्दा ठूलासँग घनघोर चित्त दुखाई थियो। बुढाहरूले आफू हुर्केको बेलीबटम र छोराछोरीसँग हुर्किएको ग्रन्च प्यान्टको अन्तर बुझ्दैनन् होमवर्कको तनावले थाकेको बेला, आफूले नदी तर्दै स्कुल गएको सुनाएर कम्पिटिसन गर्छन् । केही बोल्न खोज्यो, तिमीहरूभन्दा धेरै भोटा फटाका छौं हो केट्केटी भन्दै यसरी हेप्छन् मानौं विचार भोटो नै हो, मान्छे जत्रो विचार पनि त्यत्रै हुनलाई । त्यो बेला यस्ता गुनासाहरूले फ्रस्ट्रेटेड यिनै दाइदिदी भन्थे, म ठूलो होऊँ न मात्रै, यस्तो घाँस ठूलो मान्छे त हुँदै हुँदिनँ । तर ठूलो भएपछि यो जोस नै घाँस चर्न गइदियो । उल्टै के भयो भने, यी दाईदिदीहरू आफू हुर्किँदै गर्दा जस्ता ठूला मान्छेसँग गुनासो गरिरहन्थे, अन्ततः थाहै नपाई आफू पनि ठ्याक्कै त्यस्तै ठूला मान्छे बन्न पुगे । पहिले आफूभन्दा वयस्कले जे जे बेठीक गरेको भन्दै कराउँथे, आफैंले ठीक ठीक त्यही नै दोहोऱ्याउन थाले । खासमा यी वयस्कहरू गजब हिप्पोक्रेट छन् उनीहरूलाई एकातिर टिनएजर केटाकेटीका भोगाइलाई हलुका भन्दै उडाउनु पनि छ । अर्कोतिर तिनै टिनएजरलाई आफ्ना भारी भरकम सल्लाहहरू थोपर्दै ती सल्लाह मान्न लगाउनु पनि छ । तर यदि कोही मान्छेले आफ्नो समस्यालाई समस्या समेत ठान्दैन, चुट्किला सोचेर मजाक बनाइरहेको छ भने त्यही मान्छेले सुझाएको समाधान किन सुन्नू ? यदि कोही मेरो दुःखलाई दुःख समेत मानिरहेको छैन भने, मैले चाहिँ ज्ञानी हुँदै उसका अर्तीहरू किन मान्नू ?

कसैको भावनाको अस्तित्व स्वीकार्नु उसलाई मनपर्दी गर्न दिनु होइन । भावना स्वीकार्नु त्यो भावना बोक्ने मान्छेको अस्तित्व स्वीकार्नु हो। कोही टिनएजरले भोग्न, देख्न बाँकी थुप्रो होला, ऊ अपरिपक्व नै होला, तर आफ्नो बुझाइमा, आफ्नो लागि, ऊ परिपक्व बाँचेको हुन्छ । अपरिपक्व भइस् भनेर खिसी गर्दैमा ए हस् । भन्दै झटपट परिपक्व बनिहाल्ने पनि होइन ।

म आफैंलाई जीवनमा पहिलोपटक आत्महत्याको सोच टिनएजर हुँदै आएको हो। अहिले सम्झिँदा असाध्यै बेवकुफ कुरा जस्तो लाग्छ । के त्यस्तो ताइँ न तुइँको कुरामा बढी सोचेछु जस्तो लाग्छ । तर त्यो समयमा मरिदिऊँ नै जस्तो बनाउने समस्या त्यो उमेरकी मेरा लागि त संसारकै सबभन्दा ठूलो कुरा थियो होला । अहिले अलिक समय कट्यो, अलि बढी दुःख देखेँ भन्दैमा त्यो उमेरमा जे महसुस भयो त्यसको सत्य त बदलिँदैन । दुःख बुझ्ने, सहन सक्ने क्षमता मान्छेअनुसार मात्रै फरक पर्ने होइन, उमेरको पनि आफ्नै पेन थ्रेसहोल्ड हुन्छ । मानौं एउटा खोलाअघि दुई दाजुभाइ उभिएका छन् दाई २० वर्ष, भाइ १० वर्ष । दुवैलाई खोला कटेर अर्को छेउ पुग्नुपर्ने छ । अब यो बेला दाईले, यति जाबो पानी त हो, म त कम्मर कम्मर हुँदै तरिदिन्छु भन्दै भाइलाई खोलामा एक्लै छोड्छ होला? अलिक अगाडि पुगेपछि भाइले, डुब्न लागेँ दाई भन्दै रूँदा,म त डुबेको छैन, तँ चटक नगर निब्बा भन्छ होला? भन्दैन।

किनकी दाईलाई थाहा छ । पानीको सतह दाजुभाइ दुवैका लागि उही भए पनि भाइको जिउ, उसका खुट्टाहरू दाईका भन्दा साना छन् एकै खोलाको गहिराइ पनि तर्ने मान्छेको उचाइअनुसार फरक पर्छ । एउटै पीडाको दुखाई पनि भोग्ने मान्छेको सहनशक्ति अनुसार फरक पर्छ । अहिले टिनएजरले भोग्ने, देखाउने कति दुःख पनि त्यही दाईले सजिलै तर्न सक्ने खोलाजस्तै हुन् यस्तो बेला अब केबल दुई विकल्प हुन्छन् । विकल्प एक यी टिनएजरलाई भाइबहिनी मान्ने । अनि उनीहरूको अप्ठ्यारो स्वीकार्दै हात समाएर, सुम्सुम्याएर सँगै खोलाको अर्को छेउ लैजाने। विकल्प दुई उनीहरूलाई निब्बा निब्बी मान्ने। ऋनि यत्रैको खोला कटाउन नि के रोइला गरेको, अझै अर्को छेउ त्यति ठूलो नदी बाँकी छु भन्दै बीच नदीमा हात छोडिदिने । डुब्न छोडिदिने।

## समाजवादी प्रेस संगठन इलामको अध्यक्षमा पराजुली



**इलाम (प्रस) ।** नेकपा एकिकृत समाजवादी निकट पत्रकारहरुको संगठन समाजवादी प्रेस संगठन इलामको अध्यक्ष रमेश पराजुली चयन भएका छन् । समाजवादी प्रेस संगठनको बैठकले संगठनको अध्यक्षमा पराजुलीसंगै उपाध्यक्षमा डम्बर निरौला, सचिव याम माबोहाङ, सहसचिव गोबिन्द भट्टराई र कोषाध्यक्षमा पदम बिलासीलाई चयन गरेको हो । १५ सदस्यीय कार्यसमिति गठन भएको अध्यक्ष पराजुलीले बताए । संगठनले फागुन ४ मा हुने प्रदेश एकको भेलापछि जिल्लामा वृहत भेला आयोजना गर्ने अध्यक्ष पराजुलीले जानकारी दिएका छन् ।

## नेपाली कांग्रेसको प्रशिक्षण




सुरुङ्गा । नेपाली कांग्रेस कनकाई नगर समिति प्रशिक्षण विभागको आयोजनामा शनिवार कार्यकर्ता प्रशिक्षण सम्पन्न भएको छ । कार्यक्रममा पार्टीको नीति, विचार, सिद्धान्त र कार्यक्रमका विषयमा नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाईले प्रशिक्षण दिएका थिए ।

नेपाली कांग्रेसको प्रजातान्त्रिक समाजवादी नीति र कम्युनिष्टले भन्ने गरेको समाजवादबीचको अन्तर, विश्व समाजवादी आन्दोलन र बीपी कोइरालाको नेतृत्वदायी योगदान, आगामी स्थानीय निर्वाचनको रणनीति, पार्टी अनुशासन र संगठन परिचालनमा बिधानको ब्यवस्थाका बिषयमा जिल्ला सचिव हुमागाईले प्रशिक्षण दिएका थिए ।

क्षेत्र नं. ४ ख सभापति ख्यामराज सिटौला, नगर सभापति दुर्गा प्रसाई, पूर्व जिल्ला सदस्य गोपाल उप्रेतीलगायतले शुभकामना मन्तब्य राखेको कार्यक्रमको प्रमुख आतिथ्य समेत जिल्ला सचिव हुमागाईको रहेको थियो ।

त्यसैगरी संसदीय प्रक्रिया र प्रणालीका बिषयमा कुमारमणि पोखरेलले प्रशिक्षण दिएका थिए । कार्यक्रममा कनकाई नगर प्रशिक्षण विभाग संयोजक सन्तोष रायमाझीको सभापतित्वमा भएको थियो भने स्वागत महाधिवेशन प्रतिनिधि कविता बस्नेतले गरेकी थिइन् । कार्यक्रम सञ्चालन नगर सचिव दिपक खतिवडाले गरेका थिए ।

## महासंघद्वारा अनुशासन समिति गठन

**झापा (प्रस) ।** नेपाल पत्रकार महासंघ झापा शाखाले महासंघको विधानलाई पालना गर्न गराउन अनुशासन तथा अध्ययन समिति गठन गरेको छ ।

महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा बिर्तामोडस्थित महासंघको कार्यालयमा बसेको बैठकले उक्त समिति गठन गर्ने निर्णय गरेको हो ।

अनुशासन समितिको संयोजकमा चन्द्र भण्डारी र सदस्य गोविन्द क्षेत्री, लीला बराल, विमल लामिछाने, राजबाबु शंकर, सावित्रा दाहाल र गणेशमान मुखिया रहेका छन् । समितिले झापाका पत्रकार तथा पत्रकारिता क्षेत्रमा अनुशासन कायम गर्न गराउन महासंघको विधान र पत्रकार आचारसंहिताको अधिनमा रहेर छुट्टै कार्यविधि बनाएर लागू गर्न सक्नेछ ।

त्यसैगरी एउटा सञ्चारमाध्यममा आएको समाचार अर्को सञ्चारमाध्यमले खण्डन गर्ने, सामाजिक सञ्जाल तथा सञ्चारमाध्यममा केही पत्रकारले पत्रकारिता र पत्रकारकै विषयमा तथ्यहीन कुरा प्रकाशन गरी पत्रकारिताबारे समाजमा भ्रम र वितृष्णा जगाउने प्रवृत्ति बढेकाले त्यस्तो कार्य तत्काल बन्द गर्न महासंघले सम्वद्ध सबैमा आग्रह गरेको छ । पत्रकारिता क्षेत्रको समस्या, उठेका प्रश्न र यस क्षेत्र सुधारका लागि पत्रकार महासंघ तथा पत्रकारका आन्तरिक फोरमहरुमा तथ्यमा आधारित भएर बहस छलफल गर्न तथा पत्रकार आचारसंहिताको पालना गर्न महासंघले सबैमा अपिल समेत गरेको छ ।

केही दिनयता बिर्तामोडस्थित बिएण्डसी अस्पतालसँग जोडेर पत्रकार तथा झापाको समग्र पत्रकारिता क्षेत्रमाथि उठेका प्रश्नका विषयमा अध्ययनका लागि महासंघले प्रदेश समितिलाई अनुरोध गर्ने निर्णय बैठकले गरेको छ ।

त्यसैगरी महासंघको विधान बमोजिम योग्यता पुगेका इच्छुक सञ्चारकर्मीलाई महासंघको सदस्यता प्रदान गर्नका लागि महासंघका सचिव डिकेश लामाको संयोजकत्वमा अर्जुन राजवंशी, रञ्जित प्रसाई, अनिल वाग्ले र मनिषा चम्लागाईं रहेको छानबिन तथा सिफारिस समिति गठन भएको छ । उक्त समितिले आवश्यक परे सदस्य हुन इच्छुक सञ्चारकर्मीको योग्यता परीक्षण गर्न परीक्षा विधि पनि कार्यान्वयन गर्ने समेत निर्णय गरिएको छ ।

महासंघको कार्यालयमा स्थापित पुस्तकालय र स्थापना गर्न लागिएको ई-पुस्तकालय तथा प्रविधियुक्त अध्ययन कक्षको व्यवस्थापनका लागि महासंघकी उपाध्यक्ष सुशीला संग्रौलाको संयोजकत्वमा सदस्य अच्युत सुवेदी, सन्तोष शर्मा, होमप्रकाश अधिकारी र द्रोण अधिकारी रहेको पुस्तकालय तथा इ-पुस्तकालय व्यवस्थापन समिति समेत गठन गरिएको महासंघ झापा शाखाका सचिव डिकेश लामाद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ ।

## प्रि-इण्डक्सन लोम अफिसर तालिम




**भद्रपुर (प्रस) ।** बाह्रदशी जेसीजको आयोजनामा डाँगीवारीमा प्रि-इण्डक्सन एण्ड लोम अफिसर तालिम सम्पन्न भएको छ ।

नयाँ सदस्य लक्षित तालिममा २२ जनाको सहभागिता रहेको थियो । कार्यक्रमको उद्घाटन बाह्रदशी जेसीजका अध्यक्ष पुष्पलाल धमला तथा प्रमुख अतिथि बाह्रदशी खेलकुद समितिका अध्यक्ष देबेन्द्रप्रसाद चम्लागाईले संयुक्त रूपमा गरेका थिए ।

संयोजक प्रकाश फुयाँलले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेको कार्यक्रम महासचिव टंकबहादुर कार्कीले संचालन गरेका थिए ।

कार्यक्रममा गौरीशंकर माविका प्रधानाध्यापक लेकनाथ कटुवाल, महेशकुमार झा, बाह्रदशी जेसीजका संस्थापक अध्यक्ष बिगम श्रेष्ठ, वर्ष २०२२ का अध्यक्ष पुष्पलाल धमला, प्रि -इन्डक्सन एण्ड लोम अफिसर तालिमका प्रशिक्षक सुरूङ्गा जेसीजका पूर्व अध्यक्ष शिवकुमार कँडेललगायतले शुभकामना मन्तव्य राखेका थिए ।

उपाध्यक्ष सदिक्षा खड्काले जेसीज आस्था वाचन गरेको कार्यक्रममा स्वागत मन्तव्य कार्यकारिणी उपाध्यक्ष खगेन्द्र सुवेदीले गरेका थिए ।

## तीनजना व्यक्तित्वलाई सम्मान

**बिर्तामोड (प्रस) ।** नेपाली कांग्रेस बिर्तामोडको १० नं वडा समितिले तीनजना व्यक्तित्वलाई सम्मान गरेको छ । प्रदेश सरकारको भूमि व्यवस्था , सहकारी तथा गरिबी निवारण मन्त्री नियुक्त भएका ओमप्रकाश सरावगी , राष्ट्रिय सभा सदस्य गोपालकुमार बस्नेत र राष्ट्रिय भूमि आयोगका झापा अध्यक्ष तिलकसिंह पाण्डेलाई सम्मान गरिएको हो ।

उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेस १ नं प्रदेशका सभापति उद्धव थापा , जिल्ला सभापति देउमान थेबे , वडा सभापति मदनकुमार गुरुङलगायतले सम्मान गरेका थिए । कार्यक्रममा प्रमुख आतिथ्य ग्रहण गरेका प्रदेश सभापति थापाले एमालेको झुठो आश्वासनमा लागेर स्थानीय तहको निर्वाचनमा कांग्रेसका उम्मेद्वारहरुलाई जिताउन नसके फेरि पनि ठूलो पीडाबोध हुने र देश बीसौं वर्ष पछि धकेलिने बताए । उनले गत निर्वाचनमा गरिबको पार्टी भनेर गरिबलाई झुक्याएर सूर्य चिन्हमा भोट हाल्न लगाउँदा आज रुँदै बस्नु परेको भन्दै जनताले कम्युनिष्टहरुको दरिद्रता देखिसकेको बताए । वडा सभापति मदन गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा सम्मानित व्यक्तित्वहरु मन्त्री सरावगी , राष्ट्रिय सभा सदस्य बस्नेत , भूमि आयोगका अध्यक्ष पाण्डे , जिल्ला सभापति थेबे , जिल्ला सचिव नविन बिमलीलगायतले मन्तव्य राखेका थिए । कार्यक्रममा बिर्तामोड १० का वडाध्यक्ष दुर्योधन गुरुङले स्वागत मन्तव्य राखेका थिए । कार्यक्रमको संचालन प्रेम आचार्य र खेमराज राईले गरेका थिए । कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी दर्जनौं कांग्रेसमा प्रवेश गरेका थिए ।

## बन्द भएका संचारमाध्यमलाई सहयोग गर्न माग




**विराटनगर (प्रस) ।** कोरोना महामारीका कारण बन्द रहेका संचारमाध्यमहरुलाई पुनः संचालनका सहयोग गर्न प्रेस सेन्टर प्रदेश एक समितिले माग गरेको छ । प्रेस सेन्टर प्रदेश एक समितिको दोस्रो पूर्ण बैठकले तीनै तहका सरकारसंग जोडदार माग गर्दै ध्यानाकर्षण पत्र बुझाउने निर्णय गरेको हो ।

मोरङको बेलबारीस्थित बेतना सिमसारमा प्रदेश अध्यक्ष प्रभात घिमिरेको अध्यक्षता एवम् प्रेस सेन्टर नेपाल केन्द्रीय अध्यक्ष बिष्णु सापकोटा जुगलको प्रमुख आतिथ्यता भएको बैठकले प्रेस काउन्सिलले पत्रिका वर्गिकरणमा गरेको विभेदप्रति ध्यानाकर्षण गराउने निर्णय गरेको छ ।

बैठकले तत्काल ऐन निर्माण गरी प्रदेश-१ मिडिया सम्बन्धी सम्पूर्ण काम गर्नेगरी प्रादेशिक संचार प्रतिष्ठान गठनका लागि प्रदेश सरकारसँग जोडदार माग गर्ने निर्णय गरेको प्रदेश १ का मुख्य सचिव सुजन तिम्सिनाले बताए । बैठकले प्रदेश १ को नामकरण चाँडो गर्न मागसमेत गरेको छ । तोकिएकै समयमा स्थानीय तहको निर्वाचन सम्पन्न गर्न केन्द्र सरकारसँग माग गरेको बैठकले प्रदेशभरिका संचारकर्मीहरुलाई पूर्ण खोपको व्यवस्था गर्न प्रदेश सरकारसंग माग गरेको छ ।

साथै बैठकले प्रदेशमा रहेको संचारमाध्यमहरुमा लोककल्याणकारी विज्ञापन प्रदान गर्न प्रदेश सरकारसंग माग गरेको छ । बैठकले स्वरोजगारमुखी संचारमाध्यमहरुलाई सक्षम बनाउन प्रदेशभरिका सबै स्थानीय तहहरुलाई संचार नीति बनाई सहयोग गर्न आग्रह समेत गरेको छ । मोरङको बेलबारी नगरपालिकास्थित पर्यटकीय क्षेत्र वेतना सिमसारको थप प्रवर्द्धन पनि बैठकले माग गरेको छ ।

बैठकमा बोल्दै प्रमुख अतिथि तथा प्रेस सेन्टर नेपालका अध्यक्ष बिष्णु सापकोटा जुगलले नेपाली पत्रकारिता क्षेत्रमा प्रेस सेन्टरको आन्दोलनबाट समावेशीकरण स्थापित भएकाले अब तीनै तहका सरकारले गरेका राम्रा र नराम्रा कामको सूचना जनतासम्म पुऱ्याउनुपर्ने बताए । उनले प्रेस सेन्टर नेपालमा आवद्ध पत्रकारको त्याग र आन्दोलनका कारण देशमा नयाँ संविधान, संघीयतालगायत धेरै राजनीतिक मुद्दा स्थापित भएकाले सहि कार्यान्वयनका लागि जोड दिनुपर्ने बताए ।

बैठकलाई सम्बोधन गर्दै नेकपा माओवादी केन्द्र प्रदेश १ का अध्यक्ष हर्क नेम्बाङ मिक्सोले देशको राजनीतिक परिवर्तनमा पत्रकारहरुको महत्वपूर्ण भूमिका रहेकाले आगामी दिनमा परिवर्तनका उपलब्धि संस्थागत गर्न पत्रकार लागिपर्नु पर्ने बताए ।

तीन तहको सरकार र संविधानका मौलिक हक कार्यान्वयनका लागि पत्रकारहरुले कलम चलाउनुपर्ने उनले बताए । बैठकमा नेकपा माओवादी केन्द्र प्रदेश १ का उपाध्यक्ष बिजय साम्पाङ राई, सहसचिव ऋषिराम ढुङ्गाना, रचना राई, नेपाल पत्रकार महासंघ प्रदेश १ का महासचिव विवेक गौतम, पूर्व केन्द्रीय सदस्य गणेश लम्साल, प्रेस सेन्टरका पूर्व प्रदेश अध्यक्षद्वय राजन केडी, श्रीशीशा राई, केन्द्रीय सदस्य, जिल्ला अध्यक्षहरुको उपस्थिति रहेको थियो ।

## काँग्रेस प्रकाशपुर टोल सभापतिमा मल्ल

**भद्रपुर (प्रस) ।** नेपाली कांग्रेस भद्रपुर ९ नम्वर वडा समितिअन्तर्गत प्रकाशपुर टोल समितिको भेलाले अरूण मल्लको सभापतित्वमा १९ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको छ ।

त्यस्तै समितिको उप-सभापतिमा उर्मिला पोखरेल, मोहन तिवारी, सचिव ज्योति चौहान, ध्रुव भण्डारी, स-सचिव दिपक खनाललाई सर्वसम्मत चयन गरिएको छ ।

यसैगरी सदस्यहरूमा कृष्णप्रसाद पोखरेल, निलिमा बस्नेत, सुशिला श्रेष्ठ, अपेक्षा सिग्देल, चन्द्रप्रसाद तिवारी, ईन्दिरा दाहाल, रमेश गिरी, भिमा सुब्बा



लिम्बू, शुभम् राजवंशी, धान्य सापकोटा, युवराज भट्टराई, उमानाथ रिमाल र धना श्रेष्ठ सर्वसंम्मत निर्वाचित भएका छन् ।

नेपाली काँग्रेस भद्रपुर ९ नम्वर वडा सभापति चेतनाथ भट्टराईको सभापतित्वमा सम्पन्न कार्यक्रममा शुभकामना मन्तव्य महाधिवेशन प्रतिनिधि गोमा भट्टराई ,जिल्ला सदस्य रमेश पोखरेल, पूर्व वडा सभापति गोपालप्रसाद श्रेष्ठ, क्षेत्रीय प्रतिनिधि लावण्यप्रसाद पोखरेललगायतले राखेका थिए । नवनिर्वाचित टोल सभापति मल्लले प्रतिवद्धता मन्तव्य दिएको कार्यक्रममा स्वागत मन्तव्य वडा उप-सभापति ईश्वर पोखरेलले राखेका थिए । कार्यक्रमको संचालन सचिव चिरञ्जीवी भट्टराईले गरेका थिए ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा



PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५६५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
फ्रिण्टिम आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## राशिफल



ज्योतिस पं. लक्ष्मी सुवेदी
लक्ष्मीपुर, झापा
चिना, टिप्पन, वास्तु तथा ग्रहदशा, ज्योतिस तथा परामर्श सेवाको लागि सम्झनुहोला ।
सम्पर्क:
९८१६९१७७८७/९८१७०८१९९०

**मेष** आज परिवारबाट सहयोग मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**वृष** रमाइलो यात्राको योग रहेको छ । पर्यटकीय स्थलको भ्रमणले मन लोभ्याउनेछ ।

**मिथुन** आर्थिक समस्याले तनावको सिर्जना हुनसक्छ । व्यवसायमा नोक्सानी बेहोर्नु

**कर्कट** मित्रवर्गबाट राम्रो सहयोग मिल्नेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ ।

**सिंह** आँटेको र ताकेको कार्य पुरा हुनेछ । रमाइलो यात्राको योग रहेको छ ।

**कन्या** वित्तिय संस्थाबाट सहयोग पाइनेछ । सुखद् यात्राका अवसर पनि प्राप्त हुनेछन् ।

**तुला** बेसुरमा वचन दिने बानीले अप्ठ्यारो पार्न सक्छ । अनावश्यक धन खर्च हुनेछ ।

**वृश्चिक** नयाँ व्यक्ति सँग भेटघाट हुने समय छ । साहित्यिक क्षेत्रमा रूचि बढ्नेछ ।

**धनु** आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ। नयाँ वस्त्रको प्राप्ति पनि हुनसक्छ ।

**मकर** प्रसन्नतापूर्वक समय व्यतीत हुनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ ।

**कुम्भ** अचल सम्पत्ति हात पर्ने योग छ । पारिवारिक वातावरण पूर्णरूपेण सन्तोषप्रद

**मिन** आज नयाँ कार्यको योजना बन्नेछ । सहयोगी हातहरू अघि बढ्नेछन् ।